# नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८

नेपाल राष्ट्र बैंकका विभिन्न विभाग/कार्यालयहरूबाट प्रकाशित हुने प्रकाशनहरूको गुणस्तर अभिवृद्धि गराउने उद्देश्यले त्यस्ता प्रकाशनहरूमा प्रयोग गरिने भाषागत शुद्धता, शैली, आकार र समावेश गरिने न्यूनतम सूचना एवम् जानकारीहरूमा एकरूपता कायम गर्न एवम् वितरण तथा अभिलेख प्रणालीलाई समेत थप प्रभावकारी बनाउन प्रकाशन निर्देशिकाको व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १११ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम [१]…………… [२] "नेपाल राष्ट्र बैंक प्रकाशन (प्रथम संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) [३] यो निर्देशिका सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ वमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले केन्द्रीय कार्यालय अन्तर्गत रहने गरी गभर्नरले समय समयमा तोकिदिएको विभाग सम्झनु पर्छ र सो शब्दले विभाग अन्तर्गत नरहेका महाशाखा समेतलाई जनाउँछ ।

(घ) "कार्यालय" भन्नाले केन्द्रीय कार्यालय र सो अन्तर्गत स्थापना भएका उपत्यका बाहिरको कार्यालय सम्झनु पर्छ ।

(ङ) "उपत्यका बाहिरका कार्यालय" भन्नाले काठमाडौं उपत्यका बाहिरका बैंकका कार्यालय सम्झनु पर्छ ।

(च) "प्रकाशन" भन्नाले प्रकाशन अंक खुलाई वा नखुलाई विभाग/कार्यालयद्वारा साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्ध-वार्षिक, वार्षिक वा विशेष रूपमा जुनसुकै समयमा प्रकाशन गर्ने पुस्तक, जर्नल, बुकलेट आदिलाई सम्झनु पर्छ ।

(छ) "निर्देशिका" भन्नाले नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८ सम्झनु पर्छ ।

(ज) "केन्द्रीय प्रकाशन तथा वितरण समिति" भन्नाले निर्देशिकाको दफा १८ मा व्यवस्था भए वमोजिमको समिति सम्झनु पर्छ ।

(झ) "केन्द्रीय सम्पादक मण्डल" भन्नाले निर्देशिकाको दफा १९ मा व्यवस्था भए वमोजिमको केन्द्रीय सम्पादक मण्डल सम्झनु पर्छ ।

---

[१] पहिलो संशोधनद्वारा झिकिएको ।

[२] पहिलो संशोधनद्वारा थपिएको ।

[३] पहिलो पटक सञ्चालक समितिको मिति २०६८/४/१९ को बैठकबाट स्वीकृत । पहिलो संशोधन सञ्चालक समितिको मिति २०७४/८/२७ को बैठकबाट स्वीकृत ।

(ञ) "प्रचलित व्यवस्था" भन्नाले कुनै ऐन, नियम, विनियम, निर्देशिका, मार्गदर्शन वा परिपत्रमा उल्लिखित व्यवस्था वमोजिम बैंकद्वारा अवलम्बन गरिएको अभ्यास, परिपाटी वा परम्परालाई सम्झनु पर्छ ।

(ट) "प्रकाशक विभाग/कार्यालय" भन्नाले यसै दफाको खण्ड (च) वमोजिमको प्रकाशन गर्ने विभाग/कार्यालय सम्झनु पर्छ ।

(ठ) "एकीकृत प्रकाशन मापदण्ड" भन्नाले निर्देशिकाको दफा १५ र दफा १९ को उप-दफा (३) को खण्ड (ट) बमोजिम केन्द्रीय सम्पादक मण्डलद्वारा जारी गरिने नेपाल राष्ट्र बैंक, एकीकृत प्रकाशन मापदण्ड सम्झनु पर्छ ।

[४] (ड)'प्रवक्ता' भन्नाले बैंकको सूचना, तथ्याङ्क र जानकारी सञ्चार माध्यमबाट माग भए अनुरुप आधिकारिक रूपमा प्रवाह/सम्प्रेषण/सार्वजनिक गर्न गभर्नरले तोकेको बैंकको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

[५] (ढ)'सह-प्रवक्ता' भन्नाले प्रवक्ताको अनुपस्थिति वा कार्यव्यस्तताको समयमा बैंकको सूचना, तथ्याङ्क र जानकारी आधिकारिक रूपमा सार्वजनिक गर्न गभर्नरले तोकेको गभर्नरको कार्यालयको निर्देशक सम्झनु पर्छ ।

## परिच्छेद - २

## प्रकाशन पूर्व अवलम्बन गर्नु पर्ने व्यवस्था

**३. प्रकाशन स्वीकृति प्रक्रिया** : (१) विभाग/कार्यालयले विगतदेखि नियमित रूपमा प्रकाशन गर्दै आएका प्रकाशनहरूलाई निरन्तरता दिनु पर्ने भएमा वा त्यस्तै प्रकृतिका कुनै नयाँ प्रकाशन सुरु गर्नु पर्ने भएमा प्रकाशनको औचित्य र उपयोगिता खुलाएर गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखामा पठाउनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम प्रकाशनको निरन्तरता वा नयाँ प्रकाशनको लागि प्रस्ताव गर्दा प्रकाशनको नाम, प्रकाशन हुने अवधि, प्राज्ञिक वा लक्षित क्षेत्र, आकार, छपाइ गर्ने संख्या, मूल्य आदि व्यहोरा खुलाई पठाउनु पर्नेछ ।

(३) जनसम्पर्क महाशाखाले प्रस्तावित प्रकाशनको औचित्य, उपादेयता र आवश्यकताको अध्ययन गरी निर्णयको लागि आवश्यक राय/सुझाव सहित केन्द्रीय सम्पादक मण्डल समक्ष पेश गर्नु पर्नेछ ।

(४) केन्द्रीय सम्पादक मण्डलले उपदफा (३) बमोजिम पेश भएको प्रस्तावका सम्बन्धमा बढीमा एक महिनाभित्र छलफल तथा निर्णय गरी स्वीकृतिको लागि [६]............. [७] डेपुटी गभर्नर समक्ष सिफारिस गर्नेछ ।

(५) [८]................ [९] डेपुटी गभर्नरको सिफारिस समेतको आधारमा गभर्नरबाट प्रकाशनको लागि स्वीकृति प्रदान हुन सक्नेछ । [१०] केन्द्रीय सम्पादक मण्डलले स्वीकृतिको जानकारी जनसम्पर्क महाशाखामा पठाउनु पर्नेछ ।

---

[४] पहिलो संशोधनद्वारा थपिएको ।

[५] पहिलो संशोधनद्वारा थपिएको ।

[६] पहिलो संशोधनद्वारा झिकिएको ।

[७] पहिलो संशोधनद्वारा थपिएको ।

[८] पहिलो संशोधनद्वारा झिकिएको ।

(६) उपदफा (५) बमोजिम स्वीकृति प्राप्त प्रकाशनको निरन्तरताको लागि पुनः स्वीकृति लिनु पर्ने छैन ।

## परिच्छेद - ३

## प्रकाशनको क्रममा अवलम्बन गर्नुपर्ने व्यवस्था

४. **सामयिक परिसूचक समावेश गर्ने** :(१) निर्देशिकाको दफा ३ को उप-दफा (५) बमोजिम प्रकाशनको लागि स्वीकृति प्राप्त प्रकाशनको हरेक अंकमा पछिल्लो आर्थिक, वित्तीय र सामाजिक परिसूचकहरू समेत समावेश गर्नुपर्नेछ ।

(२) प्रकाशक विभाग/कार्यालयले आफ्नो प्रकाशनमा समावेश गर्ने प्रयोजनको लागि सम्बन्धित विभाग/कार्यालयसँग आर्थिक, सामाजिक परिसूचकहरू माग गर्न सक्नेछ र त्यस्तो सूचना उपलब्ध गराउनु सम्बन्धित विभाग/कार्यालयको कर्तव्य हुनेछ ।

(३) उपत्यका बाहिरका कार्यालयबाट प्रकाशन हुने आर्थिक एवम् वित्तीय विश्लेषण सहितको प्रकाशनहरूमा उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन अनुसन्धान कार्य सम्बन्धी मार्गदर्शन, २०६७ मा भएको व्यवस्था समेतको आधार लिई प्रकाशन गर्नु पर्नेछ । त्यस्ता प्रकाशनहरूमा जिल्लाको आर्थिक, वित्तीय र सामाजिक परिसूचक समेत समावेश गर्नु पर्नेछ ।

५. **भाषाविद्को सूची तयार गर्नु पर्ने** : केन्द्रीय सम्पादक मण्डलले अंग्रेजी वा नेपाली वा दुबै भाषाको प्रकाशनको लागि भाषागत शुद्धता, गुणस्तर र अन्य आवश्यक सेवा लिने गरी गभर्नरबाट स्वीकृत भए वमोजिम वाह्य विशेषज्ञहरु [११]............ समावेश गरी भाषाविद्हरूको सूची तयार गर्नु पर्नेछ । [१२] यसरी तयार गरिएको भाषाविद्को सूची बैंकका सबै एकाइको जानकारीको लागि केन्द्रीय सम्पादक मण्डलले इन्ट्रानेटमा राख्नेछ ।

६. **भाषाविद्को लागि स्वीकृति दिन सक्ने** : (१) प्रकाशक विभाग/कार्यालयले आफू मातहत कार्यरत अधिकृत तथा कर्मचारीमध्येबाट भाषा शुद्धीकरणको कार्य हुन नसक्ने अवस्था भएमा [१३]................... [१४] सम्बन्धित विभाग/कार्यालय/एकाइले केन्द्रीय सम्पादक मण्डलले इन्ट्रानेटमा राखेको भाषाविद्को सूचीमा भएका मध्येबाट आवश्यकता अनुसार भाषाविद् छानेर सेवा लिन सक्ने र भाषाविद्को लागि आवश्यक शर्तहरु समेत तोक्न सक्नेछ ।

[१५] (२) ...............................

[१६] (३) ...............................

७. **गोपनीयता कायम गर्नु पर्ने** : (१) विभाग/कार्यालय वा प्रकाशनमा आवद्ध सम्पादक मण्डल वा सम्पादन सहयोगी वा कम्प्युटर अपरेटर वा अन्य कसैले पनि प्रकाशन सार्वजनिक नभएसम्म

---

[९] पहिलो संशोधनद्वारा थपिएको ।

[१०] पहिलो संशोधनद्वारा थपिएको ।

[११] पहिलो संशोधनद्वारा झिकिएको ।

[१२] पहिलो संशोधनद्वारा थपिएको ।

[१३] पहिलो संशोधनद्वारा झिकिएको ।

[१४] पहिलो संशोधनद्वारा थपिएको ।

[१५] पहिलो संशोधनद्वारा झिकिएको ।

[१६] पहिलो संशोधनद्वारा झिकिएको ।

प्रकाशनमा रहने विवरण वा तथ्याङ्क वा पूर्वानुमान वा प्रक्षेपण वा अन्य व्यवस्थाका बारेमा गोपनीयता कायम गर्नुपर्नेछ ।

(२) सम्वेदनशील तथा गोपनीय प्रकाशनहरूमा बाह्य विशेषज्ञ र भाषाविद्लाई संलग्न गराउन पाइने छैन ।

## परिच्छेद - ४

## सम्पादक मण्डल र सम्पादन सहयोगीको व्यवस्था

८. **सम्पादक मण्डल र सम्पादन सहयोगी** : विभाग/कार्यालयले निर्देशिकाको दफा ३ को उपदफा (५) वमोजिम स्वीकृति प्राप्त प्रकाशनका लागि सम्पादक मण्डल र सम्पादन सहयोगीको चयन गरी सोको विवरण जनसम्पर्क महाशाखा मार्फत् केन्द्रीय सम्पादक मण्डल समक्ष पठाउनु पर्नेछ ।

## परिच्छेद - ५

## पारिश्रमिक व्यवस्था

९. **पारिश्रमिक निर्धारण** : (१) विभाग/कार्यालयद्वारा छपाइ गरिने प्रकाशनमा समाविष्ट लेख, रचना, विचार, कार्यपत्र आदिका लेखकलाई उपलब्ध गराउने पारिश्रमिक केन्द्रीय सम्पादक मण्डलको सिफारिसमा समय समयमा गभर्नरले तोके बमोजिम हुनेछ ।

(२) सम्पादक मण्डल, सम्पादन सहयोगी, आवरण डिजाइन, भाषाविद्, प्रुफ रिडर, कम्प्युटर सेटिङ, प्रेस कर्मचारी र अन्य सहयोगी कर्मचारीहरूको भत्ता वा प्रोत्साहन रकम समेत केन्द्रीय सम्पादक मण्डलको सिफारिसमा गभर्नरले निर्धारण गरे बमोजिम हुनेछ ।

**स्पष्टीकरण**: निर्देशिकाको दफा ६ को उपदफा (२) वमोजिम कुनै प्रकाशनको लागि भाषाविद्को सहयोग लिने व्यवस्था स्वीकृत भएको अवस्थामा उक्त प्रकाशनको लागि अलग्गै प्रुफ रिडरको व्यवस्था हुने छैन ।

## परिच्छेद - ६

## सञ्चय तथा वितरण व्यवस्था

**१०. न्यूनतम संख्यामा प्रकाशन गर्ने** : (१) विभाग/कार्यालयले निर्देशिकाको दफा ३ मा भएको व्यवस्था वमोजिम प्रकाशनको स्वीकृति लिने क्रममा प्रकाशन छपाइ गर्ने संख्या खुलाएर पठाउनु पर्नेछ ।

(२) केन्द्रीय सम्पादक मण्डलले उपदफा (१) बमोजिम अनुरोध भई आएको प्रकाशनको सम्वन्धमा मितव्ययितालाई समेत मध्यनजर गर्दै न्यूनतम संख्यामा छपाइ गर्ने गरी छपाइ संख्या निर्धारण गर्नेछ ।

**११. कार्यालय प्रतिको व्यवस्था** : (१) प्रकाशक विभाग/कार्यालयद्वारा प्रकाशित प्रकाशनको हरेक अंक न्यूनतम ५/५ प्रति अभिलेखको लागि कार्यालय प्रतिको रूपमा राख्नु पर्नेछ ।

(२) प्रकाशक विभाग/कार्यालयले आफ्नो प्रकाशनको लगातार न्यूनतम ३ अंक समावेश गरी वाइण्डिङ प्रति तयार [१७] …………… [१८] गर्नुपर्नेछ र प्रत्येक अंकको छाप्न लायक (हाइ रिजोल्युसन) विद्युतीय प्रति कम्प्युटर तथा एक्सटरनल हार्ड ड्राइभमा सुरक्षित राख्नु पर्नेछ ।

**१२. प्रकाशन उपलब्ध गराउनु पर्ने** : प्रकाशक विभाग/कार्यालयले प्रकाशनको हरेक अंक एक/एक प्रतिका दरले केन्द्रीय प्रकाशन तथा वितरण समिति, केन्द्रीय सम्पादक मण्डल, बैंकका प्रवक्ता, बैंकको केन्द्रीय पुस्तकालय, उपत्यका बाहिरका कार्यालय, लेख रचना उपलब्ध गराउने लेखक, सम्पादक मण्डल र सम्पादन सहयोगीलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

**१३. बिक्री मूल्य कायम गर्न सक्ने** : प्रकाशन गर्ने विभाग/कार्यालयले आफनो प्रकाशनको मूल्य निर्धारण गरी एकरुपता कायम गर्न केन्द्रीय सम्पादक मण्डल समक्ष अनुमोदनका निमित्त पठाउनु पर्नेछ ।

**१४. वितरण व्यवस्था** : (१) काठमाडौं उपत्यकास्थित विभाग/कार्यालयद्वारा प्रकाशन हुने प्रकाशनको बिक्री वितरणको व्यवस्था जनसम्पर्क महाशाखाबाट र जनसम्पर्क महाशाखाको अनुरोधमा उपत्यका बाहिरका कार्यालयबाट गर्नु पर्नेछ ।

(२) प्रकाशक विभाग/कार्यालयले बिक्री वितरणको लागि निर्धारित प्रति जनसम्पर्क महाशाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपत्यका बाहिरका कार्यालयबाट छपाइ हुने प्रकाशनहरूको बिक्री वितरण सम्बन्धित कार्यालयबाट र सामान्य सेवा विभागको समन्वयमा जनसम्पर्क महाशाखाबाट गर्नु पर्नेछ ।

(४) प्रकाशन बिक्री वितरणको हिसाव मिलान बैंकको प्रचलित व्यवस्था वमोजिम गर्नु पर्नेछ ।

(५) सम्बन्धित विभाग/कार्यालयले [१९]……………… [२०] केन्द्रीय प्रकाशन तथा वितरण समितिद्वारा तोकिएका प्रकाशनहरू बैंकको वेबसाइटमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## फण्ट, फण्टसाइज, रंग, प्रकाशनको आकार र अन्य व्यवस्था

---

[१७] पहिलो संशोधनद्वारा झिकिएको ।

[१८] पहिलो संशोधनद्वारा थपिएको ।

[१९] पहिलो संशोधनद्वारा झिकिएको ।

[२०] पहिलो संशोधनद्वारा थपिएको ।

**१५. एकरूपता कायम गर्नपर्ने** : केन्द्रीय सम्पादक मण्डलले प्रकाशनको भाषा, शैली, शब्द, फण्ट, आकार-प्रकार मार्जिन, तालिका/चार्ट जस्ता विषयका सम्बन्धमा एकरुपता कायम गर्न देहायका व्यवस्था सहितको एकीकृत प्रकाशन मापदण्ड बनाई लागू गर्नेछ :-

(क) विभाग/कार्यालयद्वारा छपाई गर्ने प्रकाशनमा रहने मुख्य शीर्षक, उप-शीर्षक, सहायक शीर्षक र मुख्य आलेखको अंग्रेजी तथा नेपाली खण्डको लागि फण्ट, फण्टको आकार, पृष्ठविन्यास, मार्जिन र अन्य मुद्रण शैली निर्धारण गर्ने र सो लागू गराउने,

(ख) प्रकाशनमा एकरुपता कायम गर्न उही अर्थ दिने (एकार्थक) शब्दहरूको सूची तयार गरी तीमध्ये कुनै एक शब्द छनौट गरेर सबै प्रकाशनमा सो शब्द प्रयोग गर्न सम्बन्धित विभाग/कार्यालयलाई उपलब्ध गराउने,

(ग) प्रकाशनको मुद्रण विन्यास, लोगोको प्रयोग र स्थान, बैंकद्वारा उपलब्ध गराइएको सूचना सामग्री वा विज्ञापन लगायतका विषयका स्थान, मार्जिन, भाषा, तालिका/चार्ट शब्द र छपाइ सम्बन्धी अन्य विषयमा निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्ने/गराउने ।

**१६. एकरूपता व्यवस्था पालना गर्नु पर्ने :** दफा (१५) वमोजिमको एकीकृत प्रकाशन मापदण्ड सम्बन्धित विभाग/कार्यालयले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

## परिच्छेद - ८

## प्रकाशन स्थगन वा बन्द सम्बन्धी व्यवस्था

**१७. प्रकाशन स्थगन वा बन्द** : (१) प्रकाशक विभाग/कार्यालयले प्रकाशन गर्दै आएको निर्देशिकाको दफा ३ को उप-दफा (५) बमोजिम स्वीकृति प्राप्त प्रकाशन कारणवस केही समयको लागि स्थगन गर्नु परेमा वा प्रकाशन कार्य बन्द गर्नु परेमा त्यसरी स्थगन वा बन्द गर्नु पर्नाको आधार, औचित्य र कारण खुलाई स्थगन वा बन्द गर्ने स्वीकृतिको लागि जनसम्पर्क महाशाखा मार्फत् केन्द्रीय सम्पादक मण्डल समक्ष लेखी पठाउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम प्रकाशन स्थगन वा बन्द गर्ने स्वीकृतिको लागि पेश गरिएको आधार, औचित्य र कारण उपर विचार गरी केन्द्रीय सम्पादक मण्डलले प्रकाशन स्थगन वा बन्द गर्ने स्वीकृति दिन सक्नेछ ।

(३) केन्द्रीय सम्पादक मण्डलले प्रकाशन स्थगनको लागि स्वीकृति दिँदा अब प्रकाशन छपाइ गर्नु पर्ने नयाँ मिति, तालिका वा यस सम्बन्धी अन्य निर्देशन दिन सक्नेछ ।

(४) उप-दफा (२) बमोजिमको स्वीकृति प्राप्त नभएसम्म कुनै पनि प्रकाशक विभाग/कार्यालयले प्रकाशन बन्द वा स्थगित गर्न पाउने छैन ।

## परिच्छेद - ९

## केन्द्रीय प्रकाशन तथा वितरण समिति र केन्द्रीय सम्पादक मण्डलको व्यवस्था

**१८. केन्द्रीय प्रकाशन तथा वितरण समितिको गठन** : (१) बैंकमा देहाय वमोजिमको एक केन्द्रीय प्रकाशन तथा वितरण समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रवक्ता, नेपाल राष्ट्र बैंक | संयोजक |
| [२१] (ख) | ................. | |
| (ग) | कार्यकारी निर्देशक, अनुसन्धान विभाग | सदस्य |

[२१] पहिलो संशोधनद्वारा झिकिएको ।

(घ) कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग सदस्य

[२२] (घ१) सह-प्रवक्ता, नेपाल राष्ट्र बैंक सदस्य

[२३] (ङ) ………… [२४] उप-निर्देशक, जनसम्पर्क महाशाखा सदस्य-सचिव

(२) समितिले आफ्नो वैठकमा आवश्यकता अनुसार विभागीय/कार्यालय प्रमुखलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) वमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) सर्वसाधारणको जानकारीको लागि बैंकद्वारा प्रसारण गर्नुपर्ने सामग्रीहरू एकद्वार प्रणालीबाट उपलब्ध गराउने प्रयोजनको लागि सबै विभाग/कार्यालयबाट सूचना, तथ्याङ्क र जानकारी संकलन गर्ने,

(ख) बैंकका सूचना, तथ्याङ्क र जानकारीहरू एकद्वार प्रणालीबाट सर्वसाधारण र सम्बन्धितलाई सम्प्रेषण गर्ने,

[२५] ग)सूचना, प्रकाशन, तथ्याङ्क र जानकारीलाई वेबसाइट र/वा इन्ट्रानेट र/वा सामाजिक सञ्जालमा राख्ने वा नराख्ने सम्बन्धमा निर्णय गर्ने।

[२६] (घ)केन्द्रीय प्रकाशन तथा वितरण समितिले सूचना, तथ्याङ्क र जानकारीको हकमा मापदण्ड बनाउन सक्नेछ।

[२७] (ङ)केन्द्रीय प्रकाशन तथा वितरण समितिले आफ्नो कार्य व्यवस्थित गर्नको लागि आवश्यक परिपत्र/निर्देशन जारी गर्न सक्नेछ।

(४) केन्द्रीय प्रकाशन तथा वितरण समितिको स्वीकृति पश्चात मात्र बैंकका सूचना, तथ्याङ्क र जानकारीहरू सम्बन्धितका लागि नियमित रुपमा सम्प्रेषण हुनेछ।

[२८] (५)सूचना, जानकारी तथा तथ्याङ्कहरु केन्द्रीय प्रकाशन तथा वितरण समिति समक्ष आएपछि स्वीकृति दिन नमिल्ने भएमा समितिले औचित्यताको आधारमा उक्त सूचना, जानकारी तथा तथ्याङ्कहरुलाई आवश्यक सुझाव सहित सम्बन्धित विभाग/कार्यालयमा पठाउन सक्नेछ।

तर गभर्नरले आवश्यकता अनुसार सर्वसाधारणलाई नियमित रूपमा जानकारी गराउनु पर्ने सामग्री सञ्चार जगत वा सर्वसाधारणको जानकारीको लागि प्रसारण गर्न बैंकका प्रवक्ता वा अन्य पदाधिकारीलाई निर्देशन दिन सक्नेछ।

**१९. केन्द्रीय सम्पादक मण्डलको गठन** : (१) बैंकमा देहाय वमोजिमको एक केन्द्रीय सम्पादक मण्डल रहनेछ :-

(क) कार्यकारी निर्देशक, अनुसन्धान विभाग संयोजक

(ख) कार्यकारी निर्देशक, गभर्नरको कार्यालय सदस्य

---

[२२] पहिलो संशोधनद्वारा थपिएको।

[२३] पहिलो संशोधनद्वारा झिकिएको।

[२४] पहिलो संशोधनद्वारा थपिएको।

[२५] पहिलो संशोधनद्वारा थपिएको।

[२६] पहिलो संशोधनद्वारा थपिएको।

[२७] पहिलो संशोधनद्वारा थपिएको।

[२८] पहिलो संशोधनद्वारा थपिएको।

(ग) कार्यकारी निर्देशक, बैंक सुपरिवेक्षण विभाग — सदस्य

(घ) संयोजकले तोकेको अनुसन्धान विभागको कुनै एक निर्देशक — सदस्य

(ङ) निर्देशक, अनुसन्धान विभाग (प्रकाशन एकाइ हेर्ने) — सदस्य-सचिव

(२) केन्द्रीय सम्पादक मण्डलले आफ्नो वैठकमा आवश्यकता अनुसार बैंकका कुनै पनि अधिकृतलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) वमोजिम गठित केन्द्रीय सम्पादक मण्डलको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) हाल कायम रहेका प्रकाशनहरूको निरन्तरता वा नयाँ प्रकाशन सुरु गर्नको लागि जनसम्पर्क महाशाखाद्वारा प्रस्ताव भई आएको सम्बन्धमा प्रकाशनको औचित्य, आवश्यकता र उपादेयताको विश्लेषण गरी स्वीकृतिको लागि गभर्नरसमक्ष सिफारिस गर्ने,

(ख) बैंकबाट प्रकाशित हुने सवै प्रकाशनहरुको औचित्य, गुणस्तर र उपादेयता वार्षिक रुपमा समीक्षा गर्ने,

(ग) बैंकका प्रकाशनमा भाषागत् शुद्धता एवम् एकरूपता कायम गराउन भाषाविद्को सहयोग लिनु परेमा गभर्नरद्वारा स्वीकृत भए वमोजिम भाषाविद्हरूको सूची तयार गर्ने,

(घ) विभाग/कार्यालयद्वारा प्रकाशन हुने प्रकाशनको लागि भाषाविद् आवश्यक परेको व्यहोरा खुलाई जनसम्पर्क महाशाखाबाट सिफारिस भई आएमा स्वीकृति दिने,

(ङ) निर्धारित समयमै प्रकाशन छपाइ गर्न आवश्यक व्यवस्था गर्ने,

(च) विभाग/कार्यालयहरूको प्रकाशनको छपाइ संख्या निर्धारण गर्ने,

[२९] (छ) ................................

(ज) निर्देशिकाको दफा ३ को उपदफा (५) वमोजिम स्वीकृति प्राप्त प्रकाशनको लागि सम्पादक मण्डल, सम्पादन सहयोगी र छपाइसँग सम्बन्धित अन्य व्यवस्था निर्धारण गर्ने,

(झ) प्रकाशनमा समावेश भएका लेख, रचना, विचार, आलेख, प्रबन्ध, अन्तर्वार्ता, कार्यपत्र आदिका लेखक वा अन्तरर्वार्ता दिने व्यक्तिलाई उपलब्ध गराउने पारिश्रमिक र प्रकाशनको सम्पादक मण्डल, सम्पादन सहयोगी, भाषाविद् र सहयोगी कर्मचारीहरूलाई उपलब्ध गराउने भत्ता वा प्रोत्साहन रकम निर्धारण गर्नका लागि गभर्नर समक्ष सिफारिस गर्ने,

(ञ) केन्द्रीय सम्पादक मण्डलले कुनै वा सबै प्रकाशनको निश्चित संख्या नेपाल सरकारका विभिन्न निकाय, नेपाली विश्वविद्यालयका केन्द्रीय पुस्तकालय, बैंकका पदाधिकारी तथा तोकिएका अन्तर्राष्ट्रिय संघसंस्था आदिलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रकाशनको स्तर अभिवृद्धि गर्न प्रकाशनका शीर्षक, उपशीर्षक, मुख्य आलेखमा रहने फन्ट, फन्ट साइज, मार्जिन, आकार-प्रकार, तालिका/चार्ट, रंग वा मुद्रण विन्याससँग सम्बन्धित अन्य विषय र भाषागत शुद्धता, शब्द चयन जस्ता विषयमा एकरूपता

---

[२९] पहिलो संशोधनद्वारा झिकिएको ।

कायम गर्न एकीकृत प्रकाशन मापदण्ड बनाउने, कार्यान्वयन गर्ने, संशोधन एवम् परिमार्जन तथा अद्यावधिक गर्ने,

(ठ) केन्द्रीय प्रकाशन तथा वितरण समिति र सामान्य सेवा विभागको समन्वयमा बैंकका प्रकाशनहरूको छपाइ, संचय, वितरण र अन्य व्यवस्थामा एकरुपता कायम गर्न अवलम्बन गर्नुपर्ने सबै व्यवस्थाहरू कायम गर्ने,

(ड) निर्देशिकाको दफा ३ को उप-दफा (५) बमोजिम स्वीकृति प्राप्त गरी प्रकाशक विभाग/कार्यालयबाट प्रकाशन हुँदै आएको प्रकाशनको छपाइ गर्ने कार्य स्थगन वा बन्द गर्ने स्वीकृतिको लागि अनुरोध भई आएमा आधार, औचित्य र कारणउपर विचार गरी त्यस्तो प्रकाशन स्थगन वा बन्द गर्ने स्वीकृति दिने ।

## परिच्छेद - १०

## विविध

२०. **निर्देशिकाको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार गभर्नरलाई हुनेछ । गभर्नरले गरेको व्याख्या अन्तिम हुनेछ ।

(२) यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गभर्नरलाई हुनेछ ।

२१. **निर्देशिका संशोधन** : यस निर्देशिकामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको संशोधन सञ्चालक समितिले गर्नेछ ।

२२. **बाझिएमा निष्कृय हुने** : यस निर्देशिकामा उल्लिखित प्रावधानहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा सो अन्तर्गत बनेका नियम, विनियमहरूसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।